# १० येशूले मानिसहरुको विश्वास जितनुभयो

*यस अध्यायका मूल पदहरू:* उत्पत्ति १५:६, गन्ती १४:११, १ कोरन्थी ३:१-९, दानिएल ६:१-३, नेहमिया २:१-९, व्यवस्था ४:१-९ र प्रेरित २:४२-४७।

*यस अध्यायको स्मरण गर्नुपर्ने मूल सार पद:* "येशूको बारेमा समाचार झन धेरै फैलियो। त्यसकारण हुलकाहुल मानिसहरू उहाँको वचन सुन्न आए। आफूहरूको रोग र बिमारहरूलाई निको पारिन पनि तिनीहरू उहाँकहाँ आए" (लूका ५:१५ रूपान्तरित)।

एउटा सेभेन्थ-डे एडभेन्टिस्ट चर्चले एक स्थानिय सार्बजनिक स्कुलका विद्यार्थीहरूलाई धेरै वर्षसम्म हप्ताको पाँचदिन बिहानको खाना ख्वाएको थियो। परमेश्वरप्रति आस्था नराख्ने र सांसारिक जीवनमा मात्र रमिने मानिसहरूको बीचमा त्यो चर्च रहेको थियो। तर त्यस देशको सरकारले प्रत्येक सार्वजनिक स्कुलमा आत्मिक हेरचाह गर्ने च्यापलेन वा गुरूबाबुलाई तलब दिने निति पारित गरे। त्यस्कारण त्यहाँको स्कुल र समाजका मानिसहरूले सेभेन्थ-डे एडभेन्टिस्ट चर्चसँग त्यस  क्षेत्रका सार्वजनिक स्कुलहरूको निम्ति च्यापलेन वा गुरूवाबु पठाउन अनुरोध गरे। (कुनै पनि समाजका समूदायले एकै चर्चको गुरूबाबुको माग गर्ने बिरलै छ)। विद्यार्थी र स्कुलसँग सम्बधित समूदायको भौतिक, भावनात्मिक र आत्मिक आवश्यकताहरूको स्याहार गर्न काम त्यस च्यापलेनको हुन्छ। त्यसले गर्दा त्यस च्यापलेनले परमेश्वरको निम्ति काम गर्ने अवसरहरू अत्यन्त अचम्म तरिकाले मिलेको थियो।

"तपाईंको चर्चसँग विशेष सम्बन्ध राख्न पाउँदा मलाई रमाइलो लाग्छ। तपाईंको चर्च जस्तै अरू चर्चहरू पनि समाजमा भिजेको भएको कति राम्रो हुन्थ्यो," एक जना स्कुल प्रधानाध्यपकले सेभेन्थ-डे एडभेन्टिस्ट चर्च पास्टरलाई जो स्कुलमा भेट्न आएका थिए उक्तकुरा भेट्ने क्रममा व्यक्त गरेका थिए। जब ती पास्टर स्कुलबाट बिदा भएर जादै थिए त्यसबेला स्कुल समाजको प्रतिनिधिले चर्चले के गरिरहेको छ भनेर उनिप्रति आभार व्यक्त गर्दै उनी कुनै सब्बथमा चर्चमा आउनु सक्छु कि भनेर सोधिन्।

जुन समाजका मानिसहरूको सेवा गर्ने आशा गर्छौं तिनीहरूको विश्वास जित्न र ख्रीष्टको निम्ति तिनीहरूको मन जित्ने केही उपायहरू पत्ता लगाउन यस अध्यायमा खोज्नेछौं।

## १ मानिसहरूको विश्वास जित्नु (उत्पत्ति १५:६)

मानिसहरूको हितको निम्ति येशू सक्रिय हुनुभएको थियो। मानिसहरूको आवश्यकताप्रति सहानुभूति देखाएर उहाँले सेवा गर्नुभएको थियो। आफ्नो सकारात्मक क्रियाकलापहरू तथा परोपकारिय कामहरूद्वारा येशूले मानिसहरूको विश्वास जित्नुभएको थियो। अङ्ग्रेजीमा त्यसलाई कन्फिडेन्स (*Confidence)* भनिन्छ। त्यस शब्द ल्याटिन भाषाको दुई शब्दहरू मिलेर बनेको हो (प्रायजसो अङ्ग्रेजी भाषाको जड ल्याटिन भाषा हो)। त्यस शब्द कन (*con)* जसको अर्थ "विथ" (with) "सँग" र "फाइदस्" (*fides)* जसको अर्थ "विश्वास" वा "फेथ" (faith) हुन्। विश्वास वा आस्थाको अर्थलाई बाइबलमा विभिन्न शब्दहरू प्रयोग गरेर बुझाउन खोजिएको पाइन्छ।

हिब्रू भाषामा (जुन् भाषा येशूको पालामा बोलिन्थ्यो र अहिले पनि यहूदीहरूले बोल्दछन्) "फेथ" भन्ने शब्दको जड "आमन्" (*amn)*बाट आएको हो। त्यही शब्दबाट आमेन (*amen)* भन्ने शब्द हामी पाउँछौं। त्यसले हामीलाई यो धारणा सिकाउँदछ कि कुनै कुरामा मानिसले मजबुत र ठोसमा भर पर्नु र विश्वास गर्नु हो। प्रायजसो त्यस प्रक्रियालाई परमेश्वरमाथि आस्था राखेर मुक्ति पाउने "विश्वास" भनेर बाइबलमा अनुवाद गरिएको पाइन्छ। त्यसको अर्थ "सत्य" पनि हुनसक्छ। मानिसहरूको विश्वासलाई जितेर तिनीहरूले येशूमाथि भरोसा राख्न तिनीहरूलाई प्रेरणा मिलेको थियो। येशूमाथि त्यो भरोसा त्यसरी आएको थियो कि जब तिनीहरूले येशूको विश्वासिलो र अपरिवर्तनीय भरपर्दो कामलाई बुझ्न सक्षम् हुन पुगेका थिए। जब येशू कुनै धर्मको प्रवर्तक वा संस्थापक भएर अर्ती दिने नभइ मानिसहरूको बीचमा घुलमिल हुनुभयो, तिनीहरूलाई सहानुभूति देखाउनुभयो, तिनीहरूको दुःखमा आफू पनि सरिक हुनुभयो र तिनीहरूलाई व्यक्तिगत रूपमा तिनीहरू जहाँ थियो त्यहीं गएर सेवा गर्नुभयो।

आमन् (***amn)*** भन्ने शब्दको जडमा देहायका पदहरू आधारित छन्, पढ्नुहोस्। साथै ती पदहरूमा त्यस शब्दलाई कसरी प्रयोग गरिएको छ र त्यसले विश्वास जित्नु र भरोसा राख्नु भन्ने अर्थलाई कसरी बुझाउन खोज्छ?

हेर्नुहोस् उत्पत्ति १५:६ "६ अनि तिनले परमप्रभुमाथि विश्वास गरे, र यो तिनको निम्ति धार्मिकता गनियो।", गन्ती १४:११ " ११ अनि परमप्रभुले मोशालाई भन्नुभयो, "यी मानिसहरूले मलाई कतिसम्म तिरस्कार गरिरहनेछन्? यिनीहरूका बीचमा मैले गरेका चिन्हहरू देखेर पनि यिनीहरूले कतिसम्म ममाथि अविश्वास गर्नेछन्?", यशैया ७:९ " ९ एफ्राइमको शिर त सामरिया हो, र सामरियाको शिरचाहिँ रमल्याहको छोरो मात्र नै हो। यदि तिमीहरू आफ्नो विश्वासमा स्थिर भएनौ भने तिमीहरू खड़ा रहनै सक्नेछैनौ'।" र हबकूक २:४ " ४ "हेर, त्यो घमण्डले फुलिएको छ, त्यसका इच्छाहरू सोझा छैनन्– तर धर्मीचाहिँ आफ्नो विश्वासद्वारा जिउनेछ।"

ग्रीक भाषामा लेखिएको नयाँ नियममा हिब्रू शब्द आमन् अर्थात् विश्वास र आस्थालाई "पिस्टस्" (pistis) भनेर उल्लेख गरिएको छ। त्यसको अर्थ कसैमाथि पूरा विश्वास गर्नु र भरोसा राख्नु हो। मानिसहरूको विश्वास येशूले जित्नु भएको उदाहरणको अर्थ उहाँ तिनीहरूसँग घुलमिल भएर तिनीहरूलाई सहानुभूति देखाएर र निश्वार्थी रूपमा तिनीहरूको सेवा गरेर देखाउँदा त्यसको परिणामले मानिसहरू उहाँमाथि पूरा भरोसा र आस्था तथा विश्वास राख्न सक्नेभएका थिए।

एउटा कुरो बुझ्नु जरुरी छ। जब बाइबलले मानिसहरूले मानिसहरूमाथि विश्वास गर्ने वा भर पर्ने भनेर व्याख्या गर्छ त्यसले नकारात्मक रूपमा भर पर्ने आत्मविश्वास भनेर प्रायजसो जनाउँछ (मीका ७:५,६ले " ५ एउटा छिमेकीमाथि भरोसा नगर। एउटा मित्रमाथि विश्वास नगर। आफूसँगै अँगालो मारेर सुत्ने पत्नीसँग पनि होशियार गरेर बोल। ६ किनकि छोराले आफ्नो बाबुको अपमान गर्दछ, छोरी आफ्नी आमाको विरुद्धमा उठ्दछे, बुहारी आफ्नी सासूको विरुद्धमा। मानिसका दुश्मनहरू आफ्नै घरका मानिसहरू हुन्छन्।" र भजन ११८:९ले भन्दछन् " ९ परमप्रभुको शरण लिनु शासकहरूमाथि निर्भर गर्नुभन्दा उत्तम हुन्छ।" तर जब त्यो भरोसा वा विश्वास परमेश्वरमाथि प्रयोग गरियो भने त्यो सकारात्मक हुन जान्छ। त्यस भिन्नताले हामीलाई एउटा महत्त्वपूर्ण सत्य सिकाउँदछ कि मानिसहरूको बीचमा हामी चल्ने चालमा हामी चनाखो वा होशियार हुनुपर्छ। हामी येशूका भक्त भनेर दावी गर्छौं भने मानिसहरूको बीचमा घुलमिल हुनै पर्छ, तिनीहरूलाई सहानुभूति देखाउनै पर्छ र तिनीहरूको आवश्यकतमा सेवा गर्नै पर्छ। तर जब हामीहरूले सेवा गरेका मानिसहरूले हामीमाथि विश्वास वा भरोसा देखाए भने तिनीहरूलाई

हामीतिर होइन येशूतिर देखाउनुपर्छ। त्यो जस हामीले होइन येशूलाई दिन सक्नुपर्छ। हामीहरूले जे गर्छौं सो येशूको अनुग्रहबाट भएको हो भनेर तिनीहरूले बुझ्न सक्नुपर्छ।

"परमेश्वरमाथि सही विश्वास भनेको के हो" भनेर कसैले सोध्यो भने तपाईंको जवाफ कस्तो हुन्छ?

## २. सतर्कका साथ संतुलमा राख्ने (१ कोरन्थी ३:१-९)

अफ्रिकाको एउटा देशमा सेभेन्थ-डे एडभेन्टिस्ट चर्च अत्यन्त छिटो बढिरहेको थियो। त्यसको रहस्य के थियो त? देशभरि चर्चका सदस्यहरूले निस्वार्थपूर्वक मानिसहरूको सेवा गर्दा चर्चमा अचानक वृद्धि हुन थालेको भनेर चर्चका अगुवाहरूले व्यक्त गरेका थिए। देशव्यापीरूपमा मानिसहरूले सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमाथि विश्वास र भरोसा राखेको सूचना त्यस देशको राष्ट्रपतीले थाहा पाएछन्। उनी एडभेन्टिस्ट चर्चका सदस्यहरूले निकालेको बिशाल जुलुसमा आए र व्यक्तिगत रूपमा तिनीहरूको सेवाको निम्ति तिनीहरूप्रति आभार व्यक्त गरे।

फेरि त्यसै वखत ख्रीष्टका प्रतिनिधिहरू भएका कारणले जसको सेवा गर्छौं तिनीहरूलाई येशूतिर आकर्षण गर्न हामीले खोज्नु पर्छ। येशूले जस्तो मानिसहरूको विश्वास र भरोसा त जित्नुपर्छ। तर तिनीहरूले हामीमा भएको विश्वास र भरोसा येशूतिर फर्काउन सक्नुपर्छ। हामीहरू केवल सेवकहरूमात्र हौं। हामीमा तिनीहरूले येशूको स्वभाव देख्न सकछन् । हामीहरूमा भएको निश्वार्थीपना, प्रेम, त्याग, स्याहार गर्ने अरूको हित गर्ने येशूको जस्तो स्वाभाव तिनीहरूले देख्न सक्छन्। ती अनुभवहरूको परिणामले मानिसहरू हामीकहाँ आउन सक्छन्। तर हामीहरूको मानवतालाई ध्यानपूर्वक तिनीहरूले हेरे भने हामी पनि तिनीहरू जस्तै भएको देख्नेछन्। कतिपय हामीहरूको मानव स्वभावलाई तिनीहरूले मन नपराउला किनभने हामी सबै पापी छौं। त्यसकारण हामीले जहिले पनि येशूतिर तिनीहरूलाई औंल्याउनुपर्छ। सारा भरोसा येशूमाथिमात्र राख्न तिनीहरूलाई प्रेरित गर्नुपर्छ नत्र भने ढिलो वा चाँडो तिनीहरू हामीसँग निराश हुन सक्छन्।

पावलले कोरन्थी चर्चका विश्वासीहरूसँग कस्तो गुनासो पोखाइरहेका थिए? तर यदि नवआगन्तुकहरूले चर्चमा पावलले भनेको अनुसार विश्वासीहरू चल्यो भने तिनीहरूमाथि कस्तो प्रभाव पर्दथ्यो होला? हेर्नुहोस् देहायका पदहरू:

१ कोरन्थी ३:१-९ " १ भाइ हो, तिमीहरूसँग बोल्दा आत्मिक जनहरूसँग बोलेजस्तै म बोल्न सकिनँ, तर सांसारिक मानिस, ख्रीष्टमा दूधे बालकसँग बोलेजस्तै म बोल्न सकें। २ मैले तिमीहरूलाई दूध खुवाएँ, खँदिलो पदार्थ होइन, किनकि तिमीहरू त्यसको निम्ति तयार थिएनौ, अनि अझ पनि छैनौ। ३ तिमीहरू अझै सांसारिक नै छौ। किनकि जब तिमीहरूका बीचमा डाह र कलह छ, त के तिमीहरू सांसारिक चालमा चल्ने साधारण मानिसजस्ता भएनौ र? ४ किनकि एउटाले "पावलको" र अर्काले "मचाहिँ अपोल्लोसको" भन्छ भने, सांसारिक मानिसजस्ता भएनौ र? ५ अपोल्लोस के हो? पावल के हो? प्रभुले हरेकलाई खटाउनुभएअनुसार सेवकहरू मात्र हुन्, जसद्वारा तिमीहरूले विश्वास गर्‍यौ। ६ मैले रोपें, अपोल्लोसले पानी हाले, तर परमेश्वरले नै बढ़ाउनुभयो। ७ यसकारण रोप्ने केही होइन, न पानी हाल्ने केही हो, तर परमेश्वर मात्र, जसले वृद्धि दिनुहुन्छ। ८ रोप्ने र पानी हाल्ने एकै समान हुन्। हरेकले आफ्ना-आफ्नै मेहनतअनुसार आफ्नो ज्याला पाउनेछ। ९ किनकि हामी परमेश्वरका सहकर्मी हौं, तिमीहरूचाहिँ परमेश्वरका खेत हौ, परमेश्वरका भवन हौ।" र १ कोरन्थी ५:१-४ " १ तिमीहरूका बीचमा व्यभिचार छ भन्ने कुरा पक्का गरी सुनिएको छ, यस्तो व्यभिचार जो अन्यजातिहरूमा पनि हुँदैन। तिमीहरूमध्ये कुनै एक जनाले आफ्नै बाबुकी पत्नी राखेको छ अरे। २ तिमीहरूचाहिँ घमण्ड गर्छौ। तिमीहरूले त शोक गर्नुपर्नेथिएन र? यस्तो काम गर्नेलाई तिमीहरूका बीचबाट हटाओ। ३ म शरीरमा उपस्थित नभए पनि आत्मामा म तिमीहरूसँग छु। म उपस्थित भएझैं गरी यस्तो काम गर्नेको न्याय मैले गरिसकेको छु। ४ जब तिमीहरू हाम्रा प्रभु येशूको नाउँमा भेला हुन्छौ र म आत्मामा तिमीहरूसँग उपस्थित हुन्छु, अनि हाम्रा प्रभु येशूको शक्ति त्यहीं हुन्छ।"

**निःसन्देह, अरूको सेवा गर्न हामी सिद्ध हुनै पर्छ र हामीहरूको चर्च सिध्द हुनै पर्छ भन्ने छैन। तर फेरि त्यसैबखत हामी त्यस खालका मानिसहरू जस्तो हुनुपर्छ जसलाई मानिसहरूले विश्वास र भरोसा राख्न सकून। यस तहमा हामी पुग्न सक्छौं यदि हामीले येशूले जस्तो विश्वासिलो र भरपर्दो स्वभाव लिएर होशियारसाथ अरूको सेवा गर्न सक्यौं भने। यदि चर्चका सदस्यहरूले समाजका मानिसहरूलाई सेवा गर्न र येशूको चरित्र देखाउन सक्यो भने चर्चमा हुने अनेकौं किसिमका संघर्ष र झैंझगडा बिलाएर जान सक्छन्।**

तपाईंको चर्चमा कोही आगन्तुकहरू बराबर आउन थाले भने तिनीहरूले त्यहाँ के देख्छन्? तिनीहरूको सामु कस्तो खालको गवाही तपाईंको चर्चले दिइरहेको हुनसक्छ होला?

## ३ सामाजिक लगानी (हितोपदेश २२:१)

"तिमीले धेरै धनसम्पत्ति भन्दा असल नाउँको चाहना गर्नु पर्छ। सुन वा चाँदी थुपार्नुभन्दा ठूलो आदर पाउनु उत्तम हुन्छ।" (हितोपदेश २२:१ रूपान्तरित)। हामीहरू रहेको समाजमा प्रभुको निम्ति सुसमाचार प्रचार गर्ने र गवाही हुने मामिलामा उपरोक्त पदको तर्कले कसरी सहायता गर्छ?

**सामाजिक लगानी भनेको के हो? जब तपाईंले बैंकमा लगानी गर्नुभयो भने तपाईंको पैसाको महत्त्व बढ्दछ। सामाजिक लगानी भनेको समाजमा सकारात्मक र सफल सम्बन्ध स्थापना गर्नु हो जुन् कि बैंकमा पैसा लगानी गर्नुभन्दा महत्त्वपूर्ण हुन्छ। यदि तपाईंले समाजका प्रतिष्ठित र अगुवाहरूसँगको समझदारी राम्रोसँग बिकास गर्नुभयो समाजको आवश्यकता के हो भनेर तपाईंले सोध्न सजिलो हुन्छ। तिनीहरूको सरसल्लाह तपाईं माग्न सक्नुहुनेछ र तिनीहरूसँगै मिलोमत्तोमा समाजको आवश्यकता पूरा गर्न तपाईं अग्रसर हुनसक्नुहुनेछ। त्यसले गर्दा तपाईंले तिनीहरूसँग असल सम्बन्ध बढाइरहेको हुन्छ। त्यो तपाईंको सामाजिक पुँजी हो। तिनीहरूसँग स्थापना गरेको प्रत्येक सकारात्मक अनुभव तपाईंको निम्ति लगानी हो अर्थात् समाजका मानिसहरूसँग हिलमिल भएर मित्रता बढाउनु तपाईंको सामाजिक बैंकमा लगानी गर्नु जस्तै हो। तपाईंको सामाजिक पुँजी बढ्दै जान्छ र मानिसहरूको आँखाको सामु तपाईंको महत्त्व बढ्दै जान्छ।**

**सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको निर्देशिकामा यो उल्लेख गरिएको छ "सेभेन्थ-डे एडभेन्टिस्ट समाजमा उल्लेखनीय नागरिक भनेर पहिचान दिनुपर्छ।...तिनीहरू सबैको साझा हितको निम्ति काम गर्नुपर्छ। हामीहरूको पैसा र सेवाकार्यले हामीहरूको समाजको उचित र ठिक अधिकारको निम्ति पहल गर्नुपर्छ।"-"इसाई जीवनशैलीको आदर्शहरू" १८रौं संस्करणको पृ. १३७,१३८बाट रूपान्तरित।**

येशूले यस संसारमा हुँदा गर्नुभएको सामाजिक लगानी बाहेक बाइबलमा अन्त पनि त्यस लगानीका उदाहरणहरू छन् जुन् परमेश्वरका जनहरूले गरेका थिए। देहायका पदहरूमा पढ्नुहोस्: प्रेरित ७:९,१० "९

“कुलपतिहरूले (योसेफका दाजुहरू) योसेफसँग डाह गरेर तिनलाई मिश्रदेशमा बेचिदिए। तर परमेश्वर तिनीसँग हुनुहुन्थ्यो। १० परमेश्वरले तिनका सारा कष्टबाट छुटाएर मिश्रदेशका राजा फारोको सामुन्ने तिनलाई कृपा गर्नुभयो र बुद्धि दिनुभयो, र फारोले तिनलाई मिश्रदेश र उनका सारा घरका हाकिम तुल्याए।", उत्पत्ति ४१ः३३-४५ "३३ यसकारण अब फारोले एउटा चतुर र बुद्धिमान् मानिस छानेर सारा मिश्रदेशमा अधिकार चलाउन नियुक्त गर्नुहोस्। ३४ फारोबाट सहकालका सात वर्षसम्म मिश्रदेशका उब्जनीको पाँचौं हिस्सा उठाउनलाई देशमा कामदारीहरू नियुक्त होऊन्। ३५ तिनीहरूले आउने सहकालका वर्षहरूका सबै अनाजहरू जम्मा गरून्, अनि सहर-सहरमा खानका निम्ति फारोको अख्तियारमा अनाजहरू थुपारून् र ती सञ्चय गरून्। ३६ अनिकालले देश विनाश हुन नपाओस् भनी मिश्रदेशमा परिआउने ती सात वर्षको अनिकालको निम्ति देशको लागि ती अनाजहरू सुरक्षित राखिऊन्।” ३७ (योसेफको) यो सुझाव फारो र उनका सारा अधिकारीहरूलाई मन पर्‍यो। ३८ अनि फारोले उनीहरूलाई भने, “यिनीजस्तो परमेश्वरका आत्मा भएको अन्य कुन मानिस हामी पाउन सक्छौं?” ३९ तब फारोले योसेफलाई भने, “परमेश्वरले तिमीलाई सबै कुरा देखाइदिनुभएको छ, र तिमीजस्तो चतुर र बुद्धिमान् मानिस अरू छैन। ४० यसकारण मेरो महलको अख्तियार चलाउने तिमी नै भयौ, र तिम्रै आज्ञाअनुसार मेरो समस्त प्रजा चल्नेछ। केवल सिंहासनको सम्बन्धमा मात्र म तिमीभन्दा माथि हुनेछु।” ४१ अनि फारोले योसेफलाई भने, “हेर, मैले तिमीलाई सम्पूर्ण मिश्रदेशमाथि अधिकार दिएको छु।” ४२ तब फारोले आफ्नो छाप-औंठी आफ्नो औंलाबाट फुकालेर योसेफको औंलामा लगाइदिए, र तिनलाई मलमलको लुगा पहिराइदिए, र तिनको गलामा सुनको सिक्री लगाइदिए। ४३ तिनलाई फारोले आफ्नो दोस्रो प्रशासकझैं रथमा सवारी गराए। मानिसहरू तिनको अगिअगि “घुँड़ा टेकेर झुक” भनी कराउँदै हिँड़े। यसरी फारोले तिनलाई सम्पूर्ण मिश्रदेशमाथि अधिकार दिए। ४४ फारोले फेरि पनि योसेफलाई भने, “म फारो हुँ, तर म यो भन्दछु कि तिम्रो इच्छाबाहेक अरू कुनै मानिसले मिश्रदेशभरि केही गर्न पाउनेछैन।” ४५ फारोले योसेफको नाउँ सापनत-पानेह राखे, र उनले तिनलाई ओनका पूजाहारी पोतीपेराकी छोरी आसनतसँग विवाह गरिदिए। त्यसपछि योसेफ मिश्रभरि दौड़ाहा गर्न लागे।" (आफ्ना दाजुहरूका कारण इजिप्टमा बेचिएका योसेफ अन्याय तरिकाले झ्यालखानामा परेको थियो। जब राजालाई

उसले देखेको सपनाको अर्थ त्यस देशको कुनै पनि बुद्धिजिविहरूले बताउन सकेनन् योसेफलाई बोलाइएको थियो र त्यस सपनाको अर्थ राजालाई बताइ दिएका थिए), दानिएल २:४६-४९ बेबिलोन अर्थात् आधुनिक इराकका सम्राट् नेबुक्दनेजारले सपना देख्दा त्यसको अर्थ त्यस देशका बुद्धिजिवि तथा ज्योतिषीहरूले भन्न नसकेपछि युद्धबन्दी भएर बसेको दानिएलले त्यस सपनाको भेद परमेश्वरको सहायताले खोलेका थिए। त्यस सपनाको बिस्तृत विवरण दानिएल २ अध्यायमा पाइन्छ। तर त्यसको निश्कर्षमा "४४ “यी राजाहरूको समयमा स्वर्गका परमेश्वरले एउटा राज्य खड़ा गर्नुहुनेछ, जुनचाहिँ कहिल्यै नष्ट हुनेछैन, न त यसको सार्वभौमिकता अरू कुनै जातिको हातमा दिइनेछ। यसले यी सबै राज्यहरूलाई चकनाचूर पार्नेछ र अन्त्य गर्नेछ, तर यो राज्यचाहिँ सदासर्वदा रहिरहनेछ। ४५ हजूरले देख्नुभएको ढुङ्गाको अर्थ यही हो, जुनचाहिँ मानिसको हातद्वारा नकाटिईकनै पहरोबाट आएको थियो– त्यो ढुङ्गा जसले फलाम, काँसो, माटो, चाँदी र सुनलाई धूलोपीठो पारिदियो (अर्थात् विश्व साम्राज्य)। “महान् परमेश्वरले महाराजालाई भविष्यमा हुने कुराहरू देखाउनुभएको छ। त्यो सपना सत्य हो, र यसको अर्थ विश्वासयोग्य छ।”४६ तब राजा नबूकदनेसरले दानिएलको अगाड़ि घोप्टो परी दण्डवत् गरे र तिनलाई आदर गरे, र साथै तिनलाई भेटी र धूप चढ़ाउन भनी हुकुम गरे। ४७ राजाले दानिएललाई भने, “साँच्ची नै तिमीहरूका परमेश्वर देवताहरूका पनि परमेश्वर र राजाहरूका प्रभु र रहस्य खोलिदिनुहुने हुनुहुन्छ, किनभने तिमीले यो रहस्य खोल्न सक्यौ।”४८ तब राजाले दानिएललाई उच्च पदमा राखे र धेरै बहुमूल्य उपहारहरू दिए। उनले तिनलाई बेबिलोनका समस्त प्रदेशमाथि शासक बनाए र त्यहाँका सबै ज्ञानी पुरुषहरूका प्रधान तुल्याए। ४९ त्यसबाहेक दानिएलको अनुरोधमा राजाले शद्रक, मेशक र अबेद्नगोलाई बेबिलोनको प्रदेशमाथि प्रशासक नियुक्त गरे। दानिएल आफैचाहिँ राजदरबारमै रहे।" र दानिएल ६:१-३ "१ सम्पूर्ण राज्यको शासन गर्नलाई एक सय बीस जना प्रान्तका बड़ाहाकिमहरू नियुक्त गर्न राजा दारालाई मन लाग्यो। २ तीमाथि तीन जना अध्यक्ष नियुक्त गरिए, जसमध्ये दानिएल एक थिए। राजाको काममा हानि नहोस् भनेर ती प्रान्तका बड़ाहाकिमहरू उनीहरूप्रति उत्तरदायी गराइए। ३ अब दानिएलले असाधारण गुणहरूद्वारा आफैलाई ती अध्यक्षहरू र प्रान्तका बड़ाहाकिमहरूका बीचमा यस्तो फरक देखाए कि राजाले तिनलाई सम्पूर्ण राज्यको शासक नियुक्त गर्ने योजना गरे।" परमेश्वरलाई विश्वास नगर्ने अन्य

जातिहरूसँग बाइबलका पात्रहरूले सकारात्मक सम्बन्ध देखाउँदा त्यसको नतिजा के भयो त्यो माथिका पदहरूले खुलाउँछन्।

हुनतः हामी सबै जनाले माथि उल्लेख गरेका कथाहरू अनुसार नाटकिय रूपमा अनुभव नहोला। तर त्योचाहीँ प्रमुख विषय होइन। ती मानिसहरूले आफ्ना बलियो चरित्रको प्रभाव मानिसहरूमा यस्तरी पारि दियो कि तिनीहरूका वरिपरि रहेका मानिसहरूले तिनीहरूलाई ठूलो सम्मान गर्न पुगे। पाट्रियार्क एण्ड प्रोफेटस्, पृ. २१७,२१८ र २२१को र प्रोफेटस् एण्ड किङ्गसको पृ. ६२८मा एलेन जी ह्वाइटले भन्नुभएको छ कि बाइबलका ती धार्मिक मानिसहरूको चरित्र र आफ्नो नितिमा अडिग भएको कारणले तिनीहरूका वरिपरि रहेका सनातन् परमेश्वरमा विश्वास नगर्ने र मूर्तीपूजा गर्नेहरूको विश्वसनीयता जित्न सफल भएका थिए। बाइबलका ती चरित्रहरू भलादमी, भरपर्दो, विश्वासीलो, ज्ञानी, बुद्धिमानी, आदर्श व्यक्तित्व भएको, न्यायोचित र ठिक काम गर्न पछि नहट्ने, इमान्दारी र परमेश्वरप्रति बफादारी थिए।

## ४. सामाजिक पुँजीको महत्त्व (नेहमिया २:१-९)

चर्चहरू स्वयँसेवकहरूको समूह हो जो संचालन गर्न सिमितमात्रामा बजेट वा पुँजी हुन्छ। तपाईंको चर्चले हासिल गर्न चाहेको लक्ष्यमा पुग्न सामाजिक पुँजीले टेवा दिन सक्छ। पुरानो जमानामा एक किसानीले अर्को किसानीको खेतबारीको बालिनाली काटी भित्राउँथ्यो। एक आपसमा सहयोग गर्ने त्यो निति सामाजिक पुँजीको एक उदाहरण हो। तर हामीहरूकै परिस्थितिमा हामीले सोच्नुपर्छ। जब कुनै योजना उपयोगीमूलक हुन्छ र कार्यान्वन गर्न सकिने हुन्छ तब हामीहरूको लक्ष्यमा पुग्न अरूहरूसँग सहकार्य गर्न सक्छौं।

परमेश्वरको अगमवक्ता नेहमिया बिदेशी देश असेरियाको राजाको दरवारमा कर्मचारी हुन पुगेका थिए। उनको मिलनसार चरित्रले राजा अर्तासास्तको विश्वास उनले जित्न सकेका थिए। परमेश्वरको चाहनामा हिंडेका नेहमियाले त्यसको नतिजा के पायो त? पढ्नुहोस् नेहमिया २:१-९ "१ एक दिन अर्तासास्त राजाको बीसौं वर्षको नीसान महिनामा जब उहाँको दाखमद्य तयार भयो तब मैले त्यो लगेर राजालाई टऋयाएँ। राजाको अगाड़ि म पहिला कहिल्यै उदास भएको थिइनँ। २ त्यसैले उहाँले मलाई सोध्नुभयो, “बिरामी नभएर नै पनि तिम्रो अनुहार किन यति उदास देखिन्छ? यो हृदयको शोकबाहेक अरू केही होइन।” ३ म साह्रै डराएँ, र यसो भनेर जवाफ दिएँ, “राजा

सदासर्वदै अमर रहून्। तर मेरा पुर्खाहरू गाड़िएको सहर उजाड़ भइरहेको छ र त्यसका मूल ढोकाहरू आगोले जलेका छन् भने मेरो अनुहार किन उदास नदेखिने?" ४ राजाले भन्नुभयो, "मबाट तिमी के चाहन्छौ?" ५ मैले स्वर्गका परमेश्वरलाई प्रार्थना गरें, अनि मैले राजालाई यो जवाफ दिएँ, "हजूरलाई असल लागे, र म हजूरको निगाह-पात्र भएको छु भने मेरा पुर्खाहरू गाड़िएको सहरलाई पुनर्निर्माण गर्न मलाई यहूदामा पठाइबक्सिओस्।" ६ आफ्नी पत्नी रानी पनि साथमा बसेका राजाले मलाई सोध्नुभयो, "यात्रालाई कति समय लाग्ला, र तिमी कहिले फर्कन सक्छौ?" मलाई जान दिन राजा राजी हुनुभएकोले मैले समय निर्धारण गरें। ७ तब मैले राजालाई यो पनि भनें, "हजूरलाई असल लागे यूफ्रेटिस पारिको प्रान्तका राज्यपालहरूलाई यहूदाको मेरो यात्रामा मेरो सुरक्षा गरिओस् भनी आज्ञा-पत्र दिइबक्सिओस्। ८ मन्दिरसित गाँसिएको गढ़ीका मूल ढोकाहरू, र सहरको पर्खाल र म बस्ने घरको निम्ति सत्तरीहरू बनाउन मलाई काठपात जुटाइदिऊन् भनी हजूरको राजकीय वनको देखरेख गर्ने मानिस आसापलाई आदेश दिएर मलाई एउटा पत्र दिइबक्सिओस्।" राजाले मेरो बिन्ती मन्जूर गर्नुभयो, किनभने मेरा परमेश्वरको कृपालु हात ममाथि रहेको थियो। ९ समयमा यूफ्रेटिस पारिको प्रान्तका राज्यपालहरूकहाँ म आइपुगें। उनीहरूलाई मैले राजाका पत्रहरू दिएँ। राजाले मेरो साथमा जानलाई घोड़चढ़ीहरू र सेनाका अधिकृतहरू दिनुभएको थियो।"

**"जुन कामको निम्ति रकम र सामानहरूको आवश्यकता थियो ती नेहमियासँग थिएन। तर हुनेहरूले आफ्नो क्षमता अनुसार उनलाई दिए। परमेश्वरबाट पाएको स्रोतहरूलाई परिचालन गर्न ती स्रोत भएकाहरूको हृदय छुन उहाँ अहिले पनि चाहनुहुन्छ। सत्यको निम्ति खट्नेहरूलाई सहयोग गर्न परमेश्वरले तिनीहरूको हृदयलाई घचघचाउनुहुन्छ। उहाँको काममा तल्लिन हुनेहरूलाई परमेश्वरले अरू मानिसहरूलाई प्रेरित गरेर सहायता दिलाउनुहुन्छ। ती सहायताहरूलाई असल तथा उचित तरिकाले प्रयोग गरून् भन्ने परमेश्वरको चाहना छ।...सहयोग गर्ने मानिसहरूमा येशूप्रति विश्वास नहोला र उहाँको वचन अर्थात् बाइबलको ज्ञान पनि नहोला, तर असल कामको निम्ति तिनीहरूले दिएका उपहारहरूलाई अस्वीकार गर्नुहुन्न।"-एलेन जी ह्वाइट, पाट्रियार्क एण्ड प्रोफेटस्, पृ. ६३४बाट रूपान्तरित।**

यो कस्तो अचम्म लाग्दो छ कि परमेश्वरले उहाँको कामको प्रगतिको निम्ति उहाँमाथि आस्था नराख्ने र मूर्ती पूजा गर्ने मानिसहररुको हृदयलाई घचघचाउनुहुन्छ। यसले हामीलाई महत्त्वपूर्ण पाठ सिकाउँछ। यदि येशूको कामको निम्ति अघि बढाउँछ र सफलता ल्याउँछ भने हामीहरूको आस्थामा नहुने वा अरू कुनै आस्थामा भएकाहरूसँग सहकार्य गर्न राजी हुनुपर्छ। तर परमेश्वरमा विश्वास नगर्नेहरूसँग कुनै पनि सहकार्य गर्दा हामी होशियार त हुनुपर्छ नै। तर समाजमा बृहत्तर हितको निम्ति काम गर्न सहयोग गर्ने मानिसहरूसँग प्रार्थना गर्दै होशियार हुँदै अघि बढ्नुपर्छ। कतिपय समयमा सरकार, अरू व्यापारी मानिसहरू र उपकारी दानीहरूले सहयोग गर्न हात बढाउँछन्। ती सहयोगहरू त्यसै पायो भनेर तुरन्तै लिनु पनि हुँदैन र तुरन्तै अस्वीकार पनि गर्नुहुन्न। तर हामी चर्चको हैशियतले ती सहायताहरूलाई स्वीकार गर्नभन्दा पहिले राम्रोसँग सोच्नुपर्छ, सतर्क अपनाउनुपर्छ र प्रार्थना गर्नुपर्छ।

तपाईं रहेको समाजमा सामाजिक पुँजी कसरी निर्माण गर्ने जसले गर्दा तपाईंको समाजमा तपाईंको सकारात्मक प्रभाव हुन्छ र अरूको हितको निम्ति त्यसले फाइदा दिन सक्छ?

## ५. सबै मानिसहरूबाट शुभेच्छा वा असल कामना प्राप्त गर्नु (व्यवस्था ४:१-९) ९७

परमेश्वरबाट धेरै तथा बिशेष ज्योति वा आत्मज्ञान पाएकोले हामी सेभेन्थ-डे एडेन्टिस्टहरू भाग्यमानी सम्झनुपर्दछ। यस चर्चका विश्वासीहरूले परमेश्वरबाट आशिष पाएको छ भन्ने कुरामा द्विविदामा पर्नुहुन्न। हामीले पाएको थप आत्मज्ञानहरूमा क्रुसको बारेमा हामीहरूको बुझाई, पवित्र मन्दिर, बर्तमान समयमा मानिस मर्‍यो भने त्यसको स्थिति, सब्बथ र ख्रीष्ट र सैतानको बीचमा भइरहेको बिबादको महान् युद्ध आदि छन्। ती सत्य आत्मज्ञानहरू हामीहरूको निम्ति ठूलो आशिषको रूपमा छन्। त्यसमा पनि जब हामीहरूको शरीर परमेश्वरको मन्दिर हो त्यसलाई चरितार्थ बनाउन स्वास्थका नियमहरू र निको पार्ने उपायहरू हामीले पाएको हुनाले हामीहरूका वरिपरि रहेका मानिसहरूको निम्ति सेवा प्रदान गर्ने धेरै अवसरहरू मिलेको छ भन्ने कुरामा कुनै विवाद छैन।

**अझ भनौं भने, हामीले पाएको सुस्वास्थका सन्देशहरू हामीहरूको समाजको सेवाको निम्ति अत्यन्त प्रभावकारी औजार हुनसक्छ। सुरूमा हामीहरूको आस्थाप्रति चासो नदेखाउनेहरू पनि निरोगी रहन चाहन्छ भन्ने कुरामा हामी महसुस गर्नुपर्छ। हामीलाई दिएका सन्देशहरू बाँड्न धेरै अवसरहरू छन्। येशूले भन्नभएको यो वचन हामीलाई थाहा छ, "धेरै पाउने सबैबाट धेरै कुराहरूको अपेक्षा गरिन्छ। अझ यदि कोही मानिस धेरैको सेवा गर्न वा स्याहार गर्न बोलाइएको छ भने अझ धेरै काम गर्न उसबाट अपेक्षा गरिन्छ।"(लूका १२:४८ रूपान्तरित)।**

व्यवस्था ४:१-९मा तत्कालिन इस्राएलीहरूलाई के बिशेष निर्देशन दिनुभएको थियो? के उहाँले दिनुभएका त्यो निति केवल तिनीहरूको लागि मात्रै हो कि हामीलाई पनि लागु हुनसक्छ? उहाँले दिनुभएको सबै निर्देशन तथा आज्ञाहरू पालन गर्न निश्चित गर्नुपर्छ भनेर परमेश्वरले उहाँका जनहरूलाई आह्वान गर्नुहुन्छ। त्यो निर्देशन बर्तमान परिप्रेक्ष्यमा हामीलाई पनि कस्तो अर्थ हुनसक्छ? हेर्नुहोस् "१ अब हे इस्राएली हो, मैले तिमीहरूलाई सिकाउन लागेका विधिविधानहरूमा ध्यान लगाओ। ती पालन गर, र तिमीहरू जीवित रहनेछौ, र तिमीहरूका पितापुर्खाका परमप्रभु परमेश्वरले तिमीहरूलाई दिनुहुने देश अधिकार गर्नेछौ। २ मैले तिमीहरूलाई दिएका आज्ञाहरूमा केही पनि घटबढ नगर्नू, तर मैले तिमीहरूलाई दिएका परमप्रभु परमेश्वरका आज्ञाहरू पालन गर्नू। ३ बाल-पोरमा परमप्रभुले के गर्नुभयो त्यो तिमीहरूले आफ्नै आँखाले देखेका छौ। पोरको बाल देवतापछि लाग्ने सबै मानिसहरूलाई परमप्रभु परमेश्वरले तिमीहरूका मध्येबाट नाश गर्नुभयो। ४ तर परमप्रभु तिमीहरूका परमेश्वरसित लागिरहने तिमीहरूमध्येको प्रत्येक आजसम्म जीवित छ। ५ हेर, परमप्रभु मेरा परमेश्वरले मलाई आज्ञा गर्नुभएबमोजिम तिमीहरूले अधिकार गर्ने देशमा यी सबै पालन गर्नलाई नै मैले तिमीहरूलाई यी विधिविधानहरू सिकाएको छु। ६ तिमीहरूले ती मान र पालन गर, किनकि यसैबाट अरू जातिहरूका अगि तिमीहरूका बुद्धिमानी र समझको प्रचार हुनेछ। यी सबै विधिहरू सुनेर उनीहरूले भन्नेछन्, "अवश्य यस महान् जातिका मानिसहरू खूबै बुद्धिमान् र समझदार रहेछन्" ७ हामीले उहाँलाई पुकारा गर्दा परमप्रभु हाम्रा परमेश्वर हाम्रो जति नजिक हुनुभएझैं ईश्वर यति नजिक भएको अरू कुनचाहिँ यति महान् जाति छ? ८ मैले तिमीहरूलाई आज दिने यो व्यवस्थाजस्तै धार्मिक विधिविधान भएको अरू कुनचाहिँ यति महान् जाति छ?

९ तर होशियार बस र आफ्नो मनलाई सचेत राख, ताकि तिमीहरूले आँखाले देखेका कुराहरू नबिर्स र ती तिमीहरूको सारा जीवनभरि तिमीहरूको मनदेखि नहटून्। ती तिमीहरूका छोराछोरीहरू र नाति-नातिनाहरूलाई सिकाओ।"

**केही वर्ष अघि सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको एक समूहले यो प्रश्न सोचे, "के हामीहरूको चर्चको समूह हामीहरू रहेको समाजबाट अचानक रातभरीमा हरायो भने के ती समाजका मानिसहरू नियास्त्रो मान्ला?" त्यसको जवाफमा "अहँ" भन्ने आभास् पाए। त्यस एडभेन्टिस्ट चर्चमाथि समाजका महानुभावहरूबाट कुनै विश्वास जितेका थिएनन्।**

**त्यस जवाफको आभास् त्यस चर्चको समूहले मनपराएनन्। त्यसकारण तिनीहरूले चर्चको वरिपरि पर्खाल बनाउनको सट्टा पुल बनाउन थाले अर्थात् समाजका मानिसहरूको बीचमा घुलमिल गर्ने निधो गरे। आफ्नो नितिलाई नत्यागी त्यस चर्चका विश्वासीहरूले परमेश्वरको काम गर्ने सामाजिक संस्थाहरूसँग हातेमालो गर्न आफ्नो हात बढाए। ती संस्थाहरूसँग निरन्तररूपमा मिलेर काम गर्न थाले। तिनीहरू केवल वर्षको एक फेरा गर्ने कार्यक्रमहरूमा भाग नलिइ आफू रहेको समूदायको भलोको निम्ति निरन्तररूपमा खट्न निर्णय गरे। त्यसले गर्दा त्यस समाजमा सेभेन्थ-डे एडभेन्टिस्टप्रति रहेको धारणामा छिट्टै परिवर्तन आएको थियो।**

प्रेरित २:४७मा सुरूका चर्चका मानिसहरूलाई सबै मानिसहरूबाट शुभेच्छा मिलेको थियो भनेर उल्लेख गरिएको छ। त्यसले गर्दा चर्चमा विश्वासीहरूको बृद्धि भएको थियो। प्रेरित २:४२-४७मा कोरेका चर्चका नितिनियम तथा मूल्यमान्यताहरूसँग तपाईंको चर्चका नितिनियम तथा मूल्यमान्यताहरूको तुलना गर्नुहोस्। तपाईंको चर्च के त्यही जोशले चलिरहेको छ? हेर्नहोस्, "४२ तिनीहरू प्रेरितहरूका शिक्षा, सङ्गति र रोटी भाँच्न र प्रार्थनामा भक्तिसाथ लागिरहन्थे। ४३ हरेकको हृदयमा भय उत्पन्न भयो, र प्रेरितहरूद्वारा धेरै अचम्मका काम र चिन्हहरू भए। ४४ विश्वास गर्नेहरू जति सबै एकसाथ बस्थे, र तिनीहरूका सबै थोक साझा थिए। ४५ तिनीहरूले आफ्ना सम्पत्ति र मालसामान बेचिकन जस-जसलाई जे-जे कुराको खाँचो पर्थ्यो सबैलाई ती बाँड़िदिन्थे। ४६ तिनीहरू एकै मनका भई मन्दिरमा एकसाथ उपस्थित हुन्थे, र घर-घरमा रोटी भाँच्थे, र तिनीहरू खुशी र शुद्ध हृदयले मिलीजुली खान्थे, ४७ र परमेश्वरको प्रशंसा गर्दै, र सबै मानिसहरूबाट शुभेच्छा

पाउँदै बस्थे। उद्धार पाउनेहरूलाई प्रभुले दिनदिनै तिनीहरूको संख्यामा थपिदिनुहुन्थ्यो।"

## उपसंहारः

थप जानकारीः यस अध्यायको बिषयबस्तुलाई थप जानकारी लिन देहायका सामग्रीहरू पढ्नुहोस्ः **मर्कूस ५:१८-२०, लूका ८:३८,३९ र प्रेरित ५:१२-१५। एलेन जी ह्वाइटको *मिनिस्त्री अभ हिलिङ्गमा* उल्लेखित पृ. १७-२८को अध्याय "आवर इक्जाम्पल", *सेलेक्टेड मेसेजेज्,* पुस्तक ३को पृ. २३६-२४०को "द ग्रेस अभ कोर्टसी", *द डिजाएर अभ एजेज्,* पृ. ५११-५१७को "द ब्लेसिङ्ग अभ चिल्ड्रेन" र *माई लाइफ टुडेको* "रिलिभ द अप्रेस्ड।"**

**समाजको हितको निम्ति तपाईंको चर्चले अरू चर्च संस्था र सामाजिक संस्थाहरूसँग मिलेर काम गर्ने धेरै उपायहरू छन्। तपाईंको चर्च रहेको समाजको आवश्यकता के हो सो थाहा पाउनु जरुरी छ। अनि ती आवश्यकताहरू पूरा गर्न अरूहरूसँग मिलेर काम गर्नुपर्छ। यदि त्यसो गरेमा अरू चर्चको र समाजको विश्वानीयता तपाईंले प्राप्त गर्न सक्नुहुन्छ। जब तपाईंको चर्च र समाजको बीचमा विश्वास र भरोसाको वातावरण बन्न जान्छ तब येशूप्रगतिको विश्वासमा अरूलाई लगाउन जग बसालिन जान्छ। त्यस्तो खालको कामले "फल नफलाई बिलाउँदैन"-एलेन जी ह्वाइट, *द मिनिस्त्री अभ हिलिङ्ग,* पृ. १४४बाट रूपान्तरित। अरूहरूको आवश्यकतामा हामीले सानो तिनो नै किन नहोस् तिनीहरूले गर्दा मानिसहरूको हृदय परमेश्वरतिर तानिएको उहाँलाई मात्र थाहा छ।**

## चिन्तनमननः

अ. समाजसँग राम्ररि मिलेर असल नाउँ कमाउन खोज्नु हामीले पहल गर्नुपर्छ। फेरि त्यसै समयमा हामीलाई येशूले यो सतर्क गराउनुभएको छ त्यसलाई पनि बिर्सनुहुन्नः "मेरो खातिर तिमीहरूलाई सबैले घृणा गर्नेछन्। तर जो आफ्नो विश्वासमा अन्तसम्म दह्रिलोभएर बस्छ त्यसले मुक्ति पाउनेछ।" (मत्ती १०:२२ रूपान्तरित)। ती दुई बिपरित बलियो धारणाहरूलाई संतुलनमा राखेर हामी कसरी चल्ने?

आ. सहि आस्था वा विश्वास भनेको के हो? यदि येशूमा नै मुक्ति पाउने हामीहरूको आस्था वा विश्वास छ भने ती विश्वास नहुनेहरूको बीचमा र हामीमा के भिन्नता हुनसक्छ?

इ. हामीहरूको आस्थामा नभएका मानिसहरूसँग उपहार लिंदा होशियारी अपनाउनुपर्छ भन्ने तर्कलाई सोच्नु जरुरी छ। येशूको महिमाको निम्ति अरूले उपहार दियो भने त्यसलाई स्वीकार गर्नुपर्छ भनेर एलेन जी ह्वाइटले गर्नुभएको अनुमोदनको बारेमा हामीले चर्चा गर्‍यौं। तर शरीरलाई हानी पुर्‍याउने मादक तथा चुरोट उद्योगहरूका उद्योगीहरूबाट सहायता लिनुबाट उनले घोर बिरोध गरेकी थिइन्। तिनीहरूको पैसा "रगतमा रगतको दाग हुन्छ। त्यो श्रापित उपहार हो।" भनेर उनले व्यक्त गरेकी छिन्। असलै कामको निम्ति हामीले प्रश्नचिन्ह भएको उपहार लिनुपर्दा कुन् ठिक कुन् बेठिक भनेर कसरी छुट्याउने?